# वार्षिक प्रतिवेदन

# आ.व. २०८०/०८१



# जिल्ला समन्वय समितिको कार्यालय

# विदुर, नुवाकोट

# विषयसूची

**विषयसूची**

विषयसूची ............................................................ २
खण्ड एक : जिल्ला परिचय ............................................................ ३
१.१ परिचय ............................................................ ३
खण्ड दुई : जिल्ला समन्वय समिति ............................................................ ४
२.१ परिचय ............................................................ ४
२.२ काम, कर्तव्य र अधिकार ............................................................ ५
२.२ प्रदेश कानून बमोजिमका अन्य कार्यहरु ............................................................ ५
खण्ड तीन : जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटका आ.व. २०८०/०८१ मा भएका वार्षिक कार्यक्रम ।.... ७
- वार्षिक समिक्षा कार्यक्रमः ............................................................ ७
- रक्तदान कार्यक्रमः ............................................................ ८
- प्रथम त्रैमासिक समिक्षा कार्यक्रमः ............................................................ ९
- विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमः ............................................................ १३
- योजना तथा आयोजनाहरुको अनुगमन तथा निरिक्षणः ............................................................ १५
- जिल्ला वस्तुगत विवरण विमोचन कार्यक्रमः ............................................................ १७
- तेस्रो त्रैमासिक समिक्षा कार्यक्रमः ............................................................ १९
- प्रदेश तथा स्थानिय स्तरका विषयमा समन्वय र सहजिकरण कार्यक्रमः ............................................................ 21
- प्रदेश समन्वय परिषद्का निर्णय कार्यान्वयन सम्बन्धि कार्यक्रमः ............................................................ २३
- सातौ जिल्ला सभा कार्यक्रमः ............................................................ २४
- आर्थिक अवस्थाः ............................................................ २६
- पदाधिकारी तथा कर्मचारीः ............................................................ २७

खण्ड चारः जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोट परिसरका फोटोहरु ............................................................ २८
- कार्यालय प्रमुख तथा सूचना अधिकारीः ............................................................ २९

## खण्ड एक : जिल्ला परिचय

### १.१ परिचय

प्राकृतिक सुन्दरता, ऐतिहासिक मुल्य र बहुआयामिक सम्भावनाले भरिपूर्ण नुवाकोट जिल्ला बागमती प्रदेशका विभिन्न तेह्र वटा जिल्लाहरु मध्येको एक मनोरम जिल्ला हो । नेपालको मानचित्रमा वागमती प्रदेश अन्तर्गत राजधानी काठमाडैंको उत्तर-पश्चिम दिशामा अवस्थित नुवाकोट एक ऐतिहासिक पृष्ठभूमीले सज्जित जिल्ला हो । नेपालका कुनै पनि प्रदेशको सिमाना तथा अन्तर्राष्ट्रिय सिमानालाई समेत नछुने र भौगोलिक विभाजन अनुसार पहाडी क्षेत्रमा अवस्थित यो जिल्ला झण्डै अर्ध-चन्द्राकार रुपमा पूर्व-पश्चिम फैलिएर रहेको छ । नुवाकोट नेपाल एकिकरणको इतिहाससँग सामरिक हिसाबले जोडिएको जिल्ला हो । कुल ११२१ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको यस जिल्लाको सदरमुकाम बिदुर हो ।

पूर्वमा सिन्धुपाल्चोक जिल्ला, पश्चिममा धादिङ जल्ला, उत्तरतर्फ रसुवा जिल्ला र दक्षिण तर्फ धादिङ र काठमाण्डौं जिल्लाले घेरिएको नुवाकोट जिल्ला उत्तरी अक्षांश २७° ४५' देखि २८° २०' सम्म र पूर्वी देशान्तर ८५° ०' देखि ८५° ४५' सम्म फैलिएको छ भने भू-बनोट जिल्लाको सबैभन्दा होचो भाग दक्षिणको त्रिशुली नदी किनारमा रहेको महादेवफाँट भन्ने स्थान ४५० मिटर (समुन्द्र सतहबाट) र सबैभन्दा अग्लो भाग दुप्चेश्वर गा.पा. घ्याङ्गफेदीको उत्तरी सिमानाको तिनचुली भन्ने स्थान ५,१४४ मिटर उचाई सम्म फैलिएको छ । उचाइको विविधता सँगै यस जिल्लामा अत्यन्त गर्मी हुने उपोष्ण हावापानी पाइने क्षेत्रदेखि स्थाई हिउँरेखा भन्दा माथिसम्म फैलिएको हुँदा यस जिल्लाको भू-बनौट, हावापानी, बनस्पति, वन्यजन्तु, माटो तथा अन्य जनजिवन र क्रियाकलाप अत्यन्त विषम छ ।

यस जिल्लासँग नेपाल एकिकरणको आधारशिविर, श्री ५ पृथ्वीनारायण शाहको कार्यकालमा वि.सं. १८०१ देखि १८२५ सम्मको राजधानी, गिर्वाणयुद्ध विक्रम शाहको समाधिस्थल, बहादुर शाहको जन्मभूमि, भृकुटीको घर-माईती गर्ने बाटो, तत्कालिन नौतले दरबार (वि.सं. १९९० सालको महाभू-कम्प पछि सात तले), प्रसिद्ध नुवाकोट भैरवी र जालपादेवीको मन्दिर आदि ऐतिहासिक तथा धार्मिक वैभव र सम्पदाहरु रहेको छन् । पृथ्वीनारायण शाहले काठमाण्डौ उपत्यका विजय गर्नुअघि निकै शक्तिशाली राज्यका रुपले चिनिएको नुवाकोट इतिहासका विद्यार्थीहरुको लागि खुल्ला संग्रहालय हो । नुवाकोट दरबार परिसरमा धार्मिक हिसावले महत्वपूर्ण मानिने भैरवी मन्दिर र तलेजु मन्दिर छन् । ती मन्दिरहरुमा गोरखाको मनकामना जसरी पर्यटक र भक्तजन तान्न सकिएको छैन । नुवाकोट धार्मिक एवं इतिहासमा रुचि राख्नेहरुको गन्तव्य बन्न सक्छ ।

## खण्ड दुई : जिल्ला समन्वय समिति

### २.१ परिचय

लामो समयको एकात्मक राज्य व्यवस्थालाई प्रतिस्थापन गर्दै मुलुक संघीयतामा प्रवेश गरे सँगै जनताको सम्प्रभुतालाई अक्षुण्ण राखि सन्तुलित विकास गर्ने उद्देश्यले प्रत्येक जिल्लामा एक स्वायत्त, अधिकार सम्पन्न जिल्ला समन्वय समिति रहने व्यवस्था गरिएको छ । नेपाल अधिराज्य भर स्थापित जम्मा ७७ जिल्ला समन्वय समिति मध्ये एक जिल्ला समन्वय समिति, नुवाकोट हो । नेपालको संविधान (२०७२) अनुसार जिल्लामा सञ्चालित विकास निर्माण र सेवा प्रवाहको अनुगमनको जिम्म्वारी समेत जिल्ला समन्वय समितिलाई दिएको पाईन्छ। राज्यको पुनसंरचना प्रतिवेदन, भौगोलिक अवस्था, समानुपातिक, समावेशि सिध्दान्तको आधारमा जिल्लालाई २ वटा निर्वाचन क्षेत्रमा विभाजन गरि सो अन्तर्गत २ वटा नगरपालिका र १० वटा गाउँपालिका गठन भएको पाईन्छ । गाउँपालिका/नगरपालिका बाट निर्वाचित प्रमुख/ उप-प्रमुख, अध्यक्ष/ उपाध्यक्ष, सहित कानूनमा व्यवस्था भए वमोजिम महिला, जनजाति, दलित, अल्पसंख्यक, पिछडिएको वर्ग सहित समानुपातिक, समावेशी सिध्दान्तको आधारमा जिल्ला सभा गठन भई उक्त सभा बाट प्रमुख र उप-प्रमसख सहित ९ सदस्यिय जिल्ला समन्वय समिति गठन गरिने व्यवस्था छ ।

नेपालको संविधानको भाग १७ को धारा २२० बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु समन्वय गर्न स्थापित जिल्ला समन्वय समिति सम्बन्धि व्यवस्था गरिएको छ। जिल्ला सभामा जिल्ला भित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहनेछन्। गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तिस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्नेछ। जिल्ला सभाले एकजना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तिमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ।

सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, वा सदस्यको पदको उम्मेदवार हुन योग्य हुनेछ।
स्थानिय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद-१२ दफा ९२ (२) बमोजिम जिल्ला समन्वय समितिको गठन पश्चात जिल्ला सभाले गर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिको नाममा हुनेछ भनि उल्लेख भएको छ ।

## २.२ काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग १७ धारा २२० को उपधारा ७ बमोजिम जिल्ला सभा/ जिल्ला समन्वय समितिको कार्यहरु देहाय बमोजिम हुनेछन् :-

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने।
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने।
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने।
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने।

## २.२ प्रदेश कानून बमोजिमका अन्य कार्यहरु

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद -१२ को दफा ९२ को उपदफा १ मा र प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने।
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने।
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने।
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने।
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएका सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने।
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा बिपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने।
- जिल्लाभित्रको विकास तथा निर्माण सक्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने।
- जिल्लाभित्रको विकास तथा निर्माण जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने।
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने।

- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घिय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

## खण्ड तीन : जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटका आ.व. २०८०/०८१ मा भएका वार्षिक कार्यक्रम ।

### ❒ वार्षिक समिक्षा कार्यक्रमः

१. जिल्ला समन्वय समिति, नुवाकोटको बोर्ड बैठकको निर्णयानुसार आ.व. २०७९/०८० को बार्षिक समिक्षा कार्यक्रम प्रतिनिधि सभा सदस्य माननीय श्री अर्जुन नरसिंह के.सी, माननीय श्री हित बहादुर ज्यू तथा माननीय श्री सिता मिजार, प्रदेश सभा सदस्य माननीय श्री रमेश कुमार महत ज्यू लगाएतका आतिथ्यतामा मिति २०८०/०५/०४ र ०५ गते सञ्चालन भएको थियो कार्यक्रममा नुवाकोट जिल्लाका सबै स्थानिय तहहरुबाट प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत तथा प्रतिनिधि ज्यूहरुको सहभागिता रहेको थियो भने जिल्लाका प्रदेश अन्तर्गतका कार्यालय तथा संघीय कार्यालयहरुका प्रमुख तथा प्रतिनिधि ज्यूहरुको सहभागिता रहेको थियो । कार्यक्रममा स्थानिय तहहरु तथा प्रदेश अन्तर्गतका कार्यालयहरुले वर्षभरि सम्पादन गरेका कार्यहरुको बारेका छलफल तथा अन्तर्क्रिया सञ्चालन भएको थियो ।








❐ **रक्तदान कार्यक्रमः**

२. मिति २०८१ जेठ १५ गते नुवाकोट जिल्ला गणतन्त्र दिवस मूल समारोह समितिद्वारा आयोजित, जिल्ला समन्वय समिति, नुवाकोट ले विदुर नगरपालिका सँगको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न गरीयो । जिल्ला समन्वय प्रमुखको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारीको आतिथ्यतामा जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारीहरु, राजनीतिक दलका प्रतिनीधिहरु, सुरक्षा निकायका सुरक्षाकर्मी, नागरीक समाज तथा सञ्चार जगतको सहभागितामा उक्त रक्तदान कार्यक्रम सम्पन्न गरीएको थियो ।



## ❒ प्रथम त्रैमासिक समिक्षा कार्यक्रमः

३. आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक समिक्षा कार्यक्रम समितिको मिति २०८०/०८/२० गतेको वोर्ड बैठकको निर्णयानुसार मिति २०८०/०८/२९ गते बागमती प्रदेश मुख्यमन्त्री माननीय श्री शालिकराम जमकट्टेल ज्यूको प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको ।




कार्यक्रममा, मुख्यमन्त्री ज्यू सँगै प्रतिनिधि सभा सदस्य माननीय श्री हित बहादुर तामाङ, प्रदेश सभा सदस्य माननीय श्री राधिका तामाङ ज्यू लगायतका जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो । जिल्ला समन्वय अधिकारी श्री शान्तिराज प्रसाई ज्यूले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा स्थानिय तह तथा प्रदेश स्तरका कार्यालयहरुको प्रथम त्रैमासिकमा भएका प्रगति विवरण प्रस्तुत गरीएको थियो । माननीय ज्यूहरुले प्रस्तुतिकरण तथा कार्यक्रम प्रभावकारी र सकारात्मक अवस्था रहेको उद्धृत गर्नुहुँदै केही सुधार्नुपर्ने विषयमा सुझाव दिनुभएको थियो ।

४. जिल्ला समन्वय समितिको वोर्ड बैठकको निर्णयानुसार नुवाकोट जिल्लाका सबै स्थानियतह हरुमा LISA/FRA सम्बन्धि अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्यानुसार प्रत्येक स्थानिय तहहरुमा अध्यक्ष/उपाध्यक्ष,

नगरपालिकाका प्रमुख/उपप्रमुख. प्रमुख प्रशासकिय अधिकृत FRA Focal Persons हरुलाई समावेश गरेर स्थानिय तहमा वित्तिय सुशासन जोखिम मूल्यांकन कम गर्ने कार्यमा सयोग होस् भन्ने अभिप्रायल प्रदेश सुशासान केन्द्र, जावलाखेलको सहयोगमा स्थानिय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन सम्वन्धि एक दिने अनुशिक्षाण कार्यक्रम तपशिल बमोजिम गरीयोः

| **क्र.सं.** | **स्थानीय तह** | **सञ्चालन भएको मिति** | **कार्यक्रममा सहभागी संख्या (जना)** | **कैफियत** |
|---|---|---|---|---|
| १. | विदुर नगरपालिका | २०८०/०९/१८ | ४३ | |
| २. | वेलकोटगढी नगरपालिका | २०८०/०९/२५ | २९ | |
| ३. | म्यागाङ गाउँपालिका | २०८०/०९/२३ | ३६ | |
| ४. | किस्पाङ गाउँपालिका | २०८०/१०/०२ | २९ | |
| ५. | तारकेश्वर गाउँपालिका | २०८०/०९/२३ | २७ | |
| ६. | सूर्यगढी गाउँपालिका | २०८०/०९/२४ | २२ | |
| ७. | लिखु गाउँपालिका | २०८०/०९/१९ | ३३ | |
| ८. | तादी गाउँपालिका | २०८०/०९/१९ | ५५ | |
| ९. | शिवपुरी गाउँपालिका | २०८०/०९/२६ | ३९ | |
| १०. | पञ्चकन्या गाउँपालिका | २०८०/०९/२६ | ३९ | |
| ११. | ककनी गाउँपालिका | २०८०/०९/२१ | २९ | |
| १२. | दुप्चेश्वर गाउँपालिका | २०८०/०९/२० | ३१ | |

***वित्तिय सुशासन जोखिम मुल्यांकन सम्बन्धि अभिमुखिकरण कार्यक्रमको तस्विरहरु***








**_वित्तिय सुशासन जोखिम मुल्यांकन सम्बन्धि अभिमुखिकरण कार्यक्रमको तस्विरहरु_**

५. मितिः २०८०/०९/१७ गते जिल्ला समन्वय समितिको सभाहल विदुरमा आयोजित एक दिने अभिमुखिकरण कार्यक्रम स्थानिय तहहरुमा वित्तिय सुशासनको जोखिम मूल्याङ्कन कार्य प्रभावकारी बनाउने अभिप्रायले आयोजित अनुशिक्षण कार्यक्रम जिल्ला समन्वय अधिकारी श्री शान्तिराज प्रशाई ज्यू र प्रमुख कोष नियन्त्रक भिम प्रसाद देवकोटाले स्थानिय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन कार्यविधि प्रस्तुत गर्नुभएको थियो ।

६. जि.स.स. नुवाकोटको मिति २०८०/१०/१९ को बोर्डबैठकको निर्णयानुसार स्थानिय तह गाउँपालिका / नगरपालिकाहरु मा कामकाज गर्नुहुने न्यायिक समितिका पदाधिकारीहरु एवं न्यायिक सहजकर्ताहरुलाई न्यायिक निरुपण सहज तवरले होस भन्ने अभिप्रायले स्थानिय तहमा कार्यारत_न्यायिक समितिका पदाधिकारीहरु एवं न्यायिक सहजकर्ताहरु, जि.स.स. सदस्यहरु तथा जि.स.स.का कर्मचारीहरुलाई नुवाकोट जिल्ला अदालतको प्राविधिक सहयोगमा एक दिने अनुशिक्षण कार्यक्रम गरिएको ।



७. जिल्ला समन्वय समिति नुवाकोटको मिति २०८०/११/२३ र २०८०/१२/१८ को बोर्ड बैठकको निर्णयानुसार जिल्लाका समग्र पालिका तथा प्रदेश कार्यालयहरुको प्रगति विवरण समेटी मिति २०८०/१२/३० गते यस जिल्ला समन्वय समितिको कार्यालयले आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक समिक्षा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री हित बहादुर तामाङ ज्यूको प्रमुख आतिथ्यता तथा प्रदेश सभा सदस्य माननीय श्री राधिका तमाङ ज्यूको विशेष आतिथ्यतामा सञ्चालन गरियो ।




*दोस्रो त्रैमासिक समिक्षा कार्यक्रमका केही तस्विरहरु*

## ❒ विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमः

८. जिल्ला समन्वय समिति नुवाकोटको मिति २०८०/११/२३ गतेको वोर्ड बैठकको निर्णयानुसार नुवाकोट जिल्लाका सबै स्थानियतह हरुमा प्राकृतिक तथा गैह्र-प्राकृतिक रुपमा आइपर्ने विपद्को व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धि अनुशिक्षण तथा जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहको विषयसँग सम्बन्धित एकदिने कार्यक्रम प्रत्येक स्थानिय तहहरुमा जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटले जिल्ला प्रशासन कार्यालय सँगको सहकार्यमा तपशिल बमोजिम सञ्चालन गरीयो ।

| क्र.सं. | स्थानिय तह | कार्यक्रम सञ्चालन मिति | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | विदुर नगरपालिका | २०८१/०२/१४ | ७२ | |
| २. | वेलकोटगढी नगरपालिका | २०८१/०२/१८ | ६९ | |
| ३. | म्यागाङ गाउँपालिका | २०८१/१२/१९ | ५० | |
| ४. | किस्पाङ गाउँपालिका | २०८१/०२/०४ | ४२ | |
| ५. | तारकेश्वर गाउँपालिका | २०८१/१२/१५ | ४० | |
| ६. | सूर्यगढी गाउँपालिका | २०८१/०२/१६ | ३९ | |
| ७. | लिखु गाउँपालिका | २०८१/१२/०९ | ४४ | |
| ८. | तादी गाउँपालिका | २०८१/१२/२२ | ५९ | |
| ९. | शिवपुरी गाउँपालिका | २०८१/०१/१७ | ७१ | |
| १०. | पञ्चकन्या गाउँपालिका | २०८१/०१/१७ | ७४ | |
| ११. | ककनी गाउँपालिका | २०८१/१२/२३ | ७१ | |
| १२. | दुप्चेश्वर गाउँपालिका | २०८१/१२/२६ | ४६ | |

*विपद्को व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धि कार्यक्रमको तस्विर*



अन्तक्रिया कार्यक्रमको समिक्षाः

- विपद न्यूनिकरण गर्न वार्षिक कार्ययोजना सहित रणनितिक योजना वनाइनुपर्ने ।
- स्थानिय तहहरुमा विपद व्यवस्थापन न्युनिकरण गर्न पालिकागत रुपमा सचेतना जगाउन अनुशिक्षण कार्यक्रमको आयोजना गर्नुपर्ने ।
- विपद न्यूनिकरण कार्य लाई प्रभावकारी वनाउन पालिकाका सबै जनप्रतिनिधि र कर्मचारीहरु सक्रिय हुनु पर्ने ।
- विपद व्यवस्थापन न्यूनिकरण कार्यलाई दैनिक कामको रुपमा हेरी यस वाट वच्न पूर्व तयारी सहित कार्ययोजना वनाई प्रभावकारी रुपमा लागू गर्नु पर्ने ।

*विपदको व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धि कार्यक्रमको थप तस्विरहरु*








## ❑ योजना तथा आयोजनाहरुको अनुगमन तथा निरिक्षणः

९. जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटले जिल्लामा विभिन्न कार्यालयहरु द्वारा सञ्चालित बहुवर्षिय विकास आयोजनाहरुको नियमित तथा आवधिक रुपमा अनुगमन तथा निरिक्षण कार्य गर्दै आएको छ । समितिले पदाधिकारी तथा कर्मचारी सहित जिल्लाका **पूर्वाधार विकास कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, डिभिजन सडक कार्यालय, शहरी विकास तथा भवन कार्यालय** तथा जिल्लाका **स्थानिय तह**हरु द्वारा सञ्चालित विकासका कार्य उपर नियमित अनुगमन गर्ने गरेको छ । अनुगमनमा जिल्ला समन्वय समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा स्थनिय तहका जनप्रतिनिधि, स्थानिय जनता, सञ्चारकर्मीहरु लगायतको सहभागीता रहेको थियो । अनुगमनका क्रममा भेटिएका गल्ति तथा कमिकमजोरी निर्क्योल गरी सुधार र सुझाव समेटी प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालय र स्थानियतहहरुमा प्रेषण गर्ने गरेको छ ।





*जिल्ला समन्वय समिति, नुवाकोट द्वारा योजना अनुगमनका क्रममा कैद गरीएका तस्विरहरु*




जिल्ला अनुगमन समितिले अनुगमनका क्रममा...

-पिच गरिएका सडकहरु मापदण्ड विपरीत भएको,

-नालीको वालको Thickness निकै कम रहेको,

-वेस राम्रो सँग Compact नगरीएको,

-गिट्टिको ठाउँमा वालुवा मिसिएको तथा वास नगरीएको Pebbles प्रयोग गरीएको,


-योजनाहरुको सूचना पाटि नराखिएको,

-पटक-पटक म्याद थप थप गरेर पनि सम्पन्न नगरेको लगायतका समस्था तथा कमजोरीहरु भेटीएको छ ।





*जिल्ला समन्वय समिति, नुवाकोट द्वारा योजना अनुगमनका क्रममा कैद गरीएका तस्विरहरु*



## ❑ जिल्ला वस्तुगत विवरण विमोचन कार्यक्रमः

१०. समग्र नुवाकोट जिल्लाको वस्तुस्थिति झल्काउने अभिप्रायले जिल्ला समन्वय समिति, नुवाकोटको मिति २०८०/१२/१८ गते बसेको वोर्ड बैठकको निर्णयानुसार जिल्ला समन्वय अधिकारी ज्यूको संयोजकत्वमा **"जिल्ला वस्तुगत विवरण, नुवाकोट-२०८१"** पुस्तक तयारीका लागी ५ सदस्यीय कार्यदल गठन गरी कार्य गरेको ।

I. नुवाकोट जिल्लाका आम नागरिकको जिवनस्तर र जिल्लाको समग्र विकासको अवस्था चित्रण गर्ने,

II. तथ्यमा आधारित नीतिनिर्माण तथा योजना कार्यक्रमहरुको तर्जुमा बाट नुवाकोट जिल्लाको दिगो तथा सन्तुलित विकास गर्न,

III. नुवाकोट जिल्लाको राजनीतिक, प्रशासनिक एवं विकास अवस्थाको चित्रण गर्न,

IV. नागरिकहरुको सूचनाको हक स्थापित गर्न लगायतका अभिप्रायले यस वस्तुगत विवरण, २०८१ तयार गरिएको हो ।



*जिल्ला वस्तुगत विवरण, नुवाकोट २०८१ पुस्तक विमोचन कार्यक्रमका केही तस्विरहरु*



मिति २०८१/०२/१९ गते जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटले एक औपचारिक कार्यक्रमका बिच प्रमुख अतिथी प्रदेशसभा सदस्य माननीय श्री राधिका तामाङ ज्यू, जिल्लाका विभिन्न राजनीतिक दलका प्रतिनीधि, जि.स.स प्रमुख रजिन्द्र वि.सिंह ठकुरी ज्यू, पत्रकार, धादिङ र रसुवा जिल्लाका समन्वय प्रमुख ज्यूहरु, नुवाकोट जिल्लाका स्थानियतहहरुका प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्षहरुले संयुक्त रुपमा पुस्तक विमोचन गर्नुभएको थियो ।







*जिल्ला वस्तुगत विवरण, नुवाकोट २०८१ पुस्तक विमोचन कार्यक्रमका केही तस्विरहरु*






## ❒ तेस्रो त्रैमासिक समिक्षा कार्यक्रमः

११. जिल्ला समन्वय समितिको मिति २०८०/०२/०६ को निर्णयानुसार मिति २०८०/०२/११ गते प्रदेश सभा सदस्य माननीय श्री राधिका तामाङ ज्यूको प्रमुख आतिथ्यतामा नुवाकोट जिल्लाका स्थानिय तहहरु तथा प्रदेश कार्यालयहरुको प्रगति विवरण प्रस्तुति सम्बन्धि तेस्रो त्रैमासिक समिक्षा कार्यक्रम सञ्चालन गरीएको छ । जि.स.स. उप-प्रमुख श्री दल बहादुर तामाङ ज्यूले सञ्चालन गर्नुभएको कार्यक्रममा जिल्लाका स्थानिय तहहरु तथा प्रदेश कार्यालयहरुको कार्य प्रगती तथा कार्य सम्पादन अवस्थाका बारेमा जिल्ला समन्वय अधिकारी श्री शान्तिराज प्रसाई ज्यूले एकीकृत रुपमा प्रस्तुतिकरण गर्नुहुँदै तुलनात्मक दृष्ट्रिकोणबाट ब्याख्या गर्नुभएको थियो ।








*तेस्रो त्रैमासिक समिक्षा कार्यक्रमका केही तस्विरहरु*



कार्यकममा प्रमुख अतिथि माननीय श्री राधिका तामाङ, माननीय श्री रमेश कुमार महत, तथा राजनीतिक दलका जिल्ला स्थितका प्रतिनिधिहरुले बोल्नुहुँदै कार्यक्रम उत्कृष्ट, महत्वपूर्ण तथा लाभदायी भएको र स्थानीय तह तथा प्रादेशिक कार्यालयहरुका लागी दिशानिर्देश तथा मार्गदर्शकका रुपमा रहेको बताउनुभयो ।




स्थानीय तहहरु तथा प्रादेशिक निकायहरुमा देखिएका मुख्य-मुख्य समस्या, समस्या समाधानका उपायहरु, चुनौतीहरु तथा सम्बन्धित निकायहरुले अब पहिल्याउनु पर्ने बाटो आदिका विषयमा शिलसिलेवार प्रस्तुति जिल्ला समन्वय अधिकारी शान्तिराज प्रसाईं ज्यूबाट भएको थियो ।






## ❒ प्रदेश तथा स्थानिय स्तरका विषयमा समन्वय र सहजिकरण कार्यक्रमः

१२. समितिको मिति २०८०/०२/०६ को निर्णयानुसार प्रदेश तथा स्थानिय स्तरका विषयहरुमा समन्वय र सहजिकरण गर्ने हेतुले प्रदेश सभा सदस्यहरु माननीय श्री राधिका तमाङ ज्यू, माननीय श्री रमेश कुमार महत ज्यू को विशेष उपस्थितिमा मिति २०८०/०२/११ गते स्थानिय तहहरु तथा प्रदेश कार्यालयहरु सँग छलफल कार्यक्रम सञ्चालन गरीएको । कार्यक्रममा जिल्ला समन्वय प्रमुख, प्रमुख जिल्ला अधिकारी, चार वटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, जिल्लाका स्थानिय तहहरुका प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, प्रादेशिक कार्यालयहरुका प्रमुख तथा प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरु, पत्राकार जगतको उपस्थिति रहेको थियो







कार्यक्रममा स्थानिय तहहरु, प्रदेश कार्यालयहरु तथा सरोकारवाला पक्षबिच वृहत छलफल पश्चात निर्णयहरु कार्यान्वयार्थ बागमती प्रदेश **मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय** र **प्रदेश नीति तथा योजना आयोग**मा पठाइएको छ ।




*प्रदेश तथा स्थानिय स्तरका विषयहरुमा समन्वय र सहजिकरण बैठकका तस्विरहरु*



## ❒ प्रदेश समन्वय परिषद्का निर्णय कार्यान्वयन सम्बन्धि कार्यक्रमः

१३. बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार शाखाको मिति २०८१/०२/२५, च.नं. ३८६९ को पत्रा प्राप्त भई जिल्ला समन्वय समितिको २०८१/०२/३१ गतेको बैठकको निर्णयानुसार मिति २०८१/०३/१९ गते बागमती प्रदेशसभा सदस्य माननीय श्री राधिका तामाङ ज्यूको प्रमुख आतिथ्यतामा जिल्लाका १२ वटै स्थानिय तहका प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, संघीय कार्यालयहरुका प्रमुख/प्रतिनिधिहरु, प्रदेश कार्यालयहरुका प्रमुख/प्रतिनिधिहरुलाई आमन्त्रण गरी प्रदेश समन्वय परिषद्का निर्णयहरुका कार्यान्वयनका लागी बैठक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा पत्राकार, नागरीक समाज, तथा सुरक्षा निकायहरुको पनि उपस्थितिमा  छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरीएको थियो । छलफलबाट बाट निस्केका निष्कर्षहरु प्रतिवेदन तयार गरी कार्यान्वयनको लागी प्रदेश समन्वय परिषद्को कार्यालय, हेटौंडामा पठाइयो ।








## ❒ सातौ जिल्ला सभा कार्यक्रमः

१४. आ.व. २०८०/०८१ को जिल्ला सभा समितिको मिति २०८०/०७/२१ को निर्णयानुसार मिति २०८०/०८/२८ गते जिल्ला समन्वय समिति, नुवाकोटको आयोजनामा जि.स.स. प्रमुख श्री रजिन्द्र विक्रम सिंह ठकुरी ज्यूको अध्यक्षतामा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ को दफा ९२ (३) को प्रयोजनको लागी र सोही ऐनको दफा ९६ (१) वमोजिम सातौं जिल्ला सभा सञ्चालन गरीयो । सभामा नुवाकोट जिल्लाका सम्पूर्ण स्थानीय तहहरुका प्रमुख/अध्यक्ष, उप- प्रमुख/उपाध्यक्ष तथा जि.स.स. सदस्य, स्थानीय राजनीतिक दलका प्रतिनिधि, नागरीक समाज, सुरक्षा निकायहरु तथा सरोकारवालाहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा गत वर्षहरुमा भएका कार्यहरुको समिक्षा गरिनुका साथै समन्वय समितिले आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम सभामा पेश गरी पारित गरेको थियो ।









सातौं जिल्ला सभा


सातौं जिल्ला स

## ❒ आर्थिक अवस्थाः

१५.आ.व. २०८०/०८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार यस कार्यालयलाई संघीय सरकारबाट विनियोजित रु.१,५१,०८,०००/- र प्रदेश सरकारबाट रु.४०,००,०००/- बजेट मध्ये क्रमश ६९.३१ प्रतिशत र ८९.४९ प्रतिशत रकम विभिन्न शिर्षकमा खर्च भएको छ । संघीय तथा प्रदेश सरकारबाट निर्धारित सम्पूर्ण कार्यक्रमहरु सम्पन्न गरीएको थियो । तुलनात्मक रुपमा संघीय सरकारबाट विनियोजित रकम कम खर्च हुनुमा यस कार्यालयमा दरबन्दि बमोजिमको जनशक्तिहरुको पदपूर्ति हुन नसक्नु पनि प्रमुख कारण रहेको छ ।

| क.सं. | स्रोत | बजेट प्राप्त शिर्षक | बार्षिक बजेट रु. | वार्षिक खर्च/निकासा रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संघीय सरकार अनुदान | जि.स.स.को कार्यालय चालु प्रशासनिक खर्च अनुदान कार्यक्रम | १,५१,०८,०००/- | १,०४,७२,८१८.७३/- | ६९.३१ %<br>*विनियोजित रकम कम खर्च हुनुमा यस कार्यालयमा दरबन्दि बमोजिमको जनशक्तिहरुको पदपूर्ति हुन नसक्नु |
| २. | प्रदेश सरकार कार्यक्रम अनुदान | बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय जि.स.स. सहयोग कार्यक्रम | ४०,००,०००/- | ३५,७९,९४१/- | ८९.४९ % |
| जम्मा | | | १,९१,०८,०००/- | १,४०,५२,७५९.७३/- | ७३.५४ % |

❒ **पदाधिकारी तथा कर्मचारीः**

१६. **जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोटमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको विवरणः**

| **जनप्रतिनिधि** | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर |
| १. | रजिन्द्र विक्रम सिंह ठकुरी | प्रमुख | पञ्चकन्या गाउँपालिका-४ | ९८५१३३६८०५, |
| | | | | ९८५१०५२२१४ |
| २. | दल बहादुर तामाङ | उप-प्रमुख | विदुर नगरपालिका-१३ | ९८५१३३६८०६, |
| | | | | ९८४००२७२२७ |
| ३. | कान्छी सुनार | सदस्य | किस्पाङ गाउँपालिका-५ | ९८२८८२९१८५, |
| | | | | ९७६५८३५५९२ |
| ४. | धनमाया वि.क. | सदस्य | किस्पाङ गाउँपालिका-१ | ९७४६२३०७५१ |
| ५. | मोहन पुडासैनी | सदस्य | बेलकोटगढी न.पा.-३ | ९८५१२४३०४९ |
| ६. | राजेन्द्र श्रेष्ठ | सदस्य | लिखु गाउँपालिका-४ | ९८५११७८५७६ |
| ७. | रामचन्द्र पौडेल | सदस्य | विदुर नगरपालिका-१२ | ९८४१५७७८३५ |
| ८. | सम्झना सेढाईं | सदस्य | ककनी गाउँपालिका-७ | ९८४९८४४१९९ |
| ९. | सन्तोषी देवकोटा | सदस्य | विदुर नगरपालिका-५ | ९८४९१४४०७२ |
| **कर्मचारी** | | | | |
| १०. | शान्तिराज प्रसाई | जि.स.अ. | ९८५११६७८५५ | |
| ११. | राजन प्रसाद अधिकारी | शाखा अधिकृत | ९८५३१०६५५ | ९८४९५६२२२३ |
| १२. | विनोद तिमिल्सिना | इन्जिनियर | ९८६५१५२४५५ | |
| १३. | नमराज थापा मगर | नायव सुब्बा | ९८४९४१२१५१ | |
| १४. | अस्मिता ढुङ्गेल | लेखापाल | ९८४३४०८९४५ | |
| १५. | मदन श्रेष्ठ | का.स. | ९८४९४१२१७४ | |
| १६. | सुरज क्षेत्री | का.स. | ९८४९२९५३१० | |
| १७. | जयनन्द तामाङ | ह.स.चा. | ९८८०१९२६१४ | |

## खण्ड चारः जिल्ला समन्वय समितिको कार्यालय, नुवाकोट परिसरका फोटोहरु








## ❒ कार्यालय प्रमुख तथा सूचना अधिकारीः

**कार्यालय प्रमुख**

नाम थरः श्री शान्तिराज प्रसाई

पदः जिल्ला समन्वय अधिकारी

सम्पर्क नंः ९८५११६७८५५

**सूचना अधिकारी**

नाम थरः श्री राजन प्रसाद अधिकारी

पदः शाखा अधिकृत

सम्पर्क नंः ९८५३१०६५५

# जिल्ला समन्वय समितिको कार्यालय,

# बागमती प्रदेश

# विदुर नुवाकोट ।